यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क: ०६१–५३६४५५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ३२ ○श्रेणी 'क' ○२०७२ कार्तिक २ गते सोमबार ○ 19 Oct. 2015 ○पृष्ठ ६ ○मूल्य रू. ५/-

खुशीको खबर !!!

योग निद्रा सिकेर आफूलाईं रोगमुक्त राख्नुहोस् ।

नेपाल र पोखरामा पहिलो पटक ।

शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।

शुल्क मात्र रु.१०००।- मात्र आफै आफूलाई रोगमुक्त गराउने एकमात्र ।

सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।

मोवाइल : ९८१६१०२२१६

'नेपाल अझै सुन्दर र सुरक्षित छ'

काठमाडौं १ कार्तिक ।

भूकम्पपछि नेपाल घुम्न आएका पर्यटकले प्रचारमा आएजस्तो नेपालको पर्यटकीय सौन्दर्य नगुमेको र अझै सुरक्षित गन्तव्यस्थल भएको धारणा राखेका छन् । अस्ट्रेलियाका फोटोग्राफर वेनिजी सान्टमेरियाले भुइँचालोपछि नेपालका मुख्य पर्यटकीय क्षेत्र घुमघाम गर्न सुरक्षित रहेको अनुभव सङ्गालेका छन् । विश्वप्रसिद्ध अन्नपूर्ण पदयात्रा मार्गमा पर्ने घोरेपानी घान्द्रुक हिमाली क्षेत्रको एकहप्ते पदयात्रापछि पर्यटकीय नगरी पोखरा, भक्तपुर र काठमाडौंका प्रमुख पर्यटकीयस्थल घुमेका सान्टमेरियाले नेपाल पर्यटकका लागि सुरक्षित रहेको बताए । "भुइँचालोले यहाँका संरचना पूरै भत्केको जस्तो गरेर सञ्चार माध्यमले समाचार सम्प्रेषण गरेका थिए तर त्यो होइन रहेछ, बस्न खान होटल रेष्टुराँ, घुम्न पदयात्रा मार्ग र नाम चलेका पर्यटकीयस्थल सुरक्षित भएको पाएँ"- सान्टमेरियाले भने ।

नेपाल आफ्नो सपना भएको र घुम्न पाउँदा अतिनै रोमाञ्चित भएको बताउँदै उनले यहाँ घुम्ने धोको अझै नपुगेकाले आगामी मार्चमा आउने बताए । नेपाली जनजीवन, बालबालिका, संस्कृति र हिमाली क्षेत्रको फोटोमा रुचि राखेका उनले अस्ट्रेलियामा नेपालसम्बन्धी फोटो प्रदर्शनी गर्ने सोच बनाएका छन् । तीन हजार दुई सय मिटर उचाइको पुनहिलबाट देखिने धौलागिरि, अन्नपूर्ण हिमशृङ्खला, पोखरा उपत्यकाको मनोरम दृश्य, भक्तपुर एवम् काठमाडौंको नेवारी संस्कृति र यहाँको जनजीवनले आफूलाई बढी लोभ्याएको सान्टमेरियाले सुनाए । "नेपाल प्राकृतिक रूपमा साँच्चिकै सुन्दर छ र सुरक्षित छ, यो सन्देश विश्वभर फैलाउनु जरुरी छ"-दर्जन बढी देश घुमिसकेका सान्टमेरियाले नेपालपछि इन्डोनेसिया र मलेसिया उड्नुअघि भने । चौथो पटक नेपाल घुम्न आएका क्यानडाका ब्रुस एडवर्ड रोवटर्स र थिएर्से रोवटर्स भूकम्पपीडितलाई सघाउन र नेपालको अवस्था बुझेर विदेशीलाई घुम्न आउने सन्देश फैलाउन यसचोटी यहाँ आइपुगेका छन् ।

धेरै देश घुमेर भ्रमण कार्यक्रममा विशेष दक्खल राख्ने यो जोडीले दाता र भूकम्पपीडित बीच प्रत्यक्ष सम्पर्क गरी पीडितलाई सघाउन वेभसाइटमार्फत नेपालका लागि सहयोग अभियान पनि सुरु गरेका छन् । केही विद्यालय र घर एवम् पीडित बालबालिकाका लागि सहयोग जुटिसकेको उहाँहरूले बताए । "भूकम्पले विदेशी पर्यटकलाई नेपाल घुम्न अप्ठचारो छ कि भन्ने सोच भ्रममात्र रहेछ, घुमफिर र बस्नखान कुनै समस्या देखिएन बरु अहिलेको इन्धन समस्याले जनजीवनलाई असर गरेको रहेछ"-रोवटर्स दम्पत्तिले भने ।

काठमाडौंपछि पोखरा र त्यस क्षेत्रको एक महिने घुमघामका क्रममा रोवटर्स दम्पत्तिले वेभसाइट मार्फत भूकम्पपीडित क्षेत्रका विद्यालयसहितका सामुदायिक भवनहरू, घर तथा पीडित व्यक्तिको पहिचान गरी सहयोग जुटाउनेसमेत बताए । "हिमाल, ताल, नदीनाला, पहाड, विभिन्न भाषाभाषी, संस्कृति र आफ्नै मौलिक जनजीवन रहेको नेपाल सुन्दर र सुरक्षित रहेको सन्देश विदेशमा फैलाउन हामी पनि मद्दत गर्छौं"- भर्खरै कोरियाको भ्रमणपछि नेपाल आएका रोवटर्स दम्पतिले भने । वसन्तपुर दरबार क्षेत्रमा भेटिएका न्युयोर्क (अमेरिका) का फ्रान्जर गुन्टर दम्पत्तिले पश्चिमा मिडियाले भूकम्पले नेपाल पूरै ध्वस्त भएजस्तो गरेर चित्रण गरे पनि यहाँ आउँदा आफूले त्यस्तो नभएको महसूस गरे ।

"केही संरचना भत्केका छन्, तर पर्यटकलाई बस्न, घुम्न र हेर्न कुनै असुविधा छैन म अमेरिका पुगेपछि यो सन्देश दिन चाहन्छु" -भुटान जाने तयारीमा रहेका उनीहरूले भने । भक्तपुर, पाटन, वसन्तपुर दरबार क्षेत्रजस्ता राजधानीका प्रमुख पर्यटकीय स्थलमा पर्यटकको चहलपहल देखिए पनि गतवर्षको दाँजोमा यो सङ्ख्यामा कमी आएको छ । भूकम्पले पर्यटकका घुमघाम, खानपिन र बसोबासका बारेमा उचित सूचना बेलैमा प्रवाह हुन नसक्दा यसपटकको पर्यटकीय मौसममा पर्यटकको सङ्ख्यामा कमी आएको हो ।

वसन्तपुर दरबार क्षेत्रको पर्यटक सूचना केन्द्रका अनुसार आव ०७१/०७२ मा दुई लाख २७ हजार ११६ पर्यटक आएका थिए । उनीहरूबाट रु. १५ करोड ७० लाख राजस्व उठेको थियो । यो वर्ष असोजको तेस्रो सातासम्म पाँच हजार ५९३ पर्यटक आएका छन् । जबकि अघिल्लो वर्ष साउन महिनामा मात्रै २२ हजार २५५ र भदौमा १६ हजार पर्यटकले भ्रमण गरेका थिए । विगत पाँच वर्षदेखि सो क्षेत्रमा पर्यटक पथप्रदर्शकको काम गर्दै आएका सुजन रिजाल पनि राजधानीका मुख्य स्थलमा पर्यटकको चहलपहल देखिए पनि विगतको तुलनामा भने कमी रहेको बताउछन् । "भूकम्पले यहाँको पर्यटन क्षेत्रमा कुनै असर पुगेको छैन भन्ने सूचना बेलैमा दिन नसक्दा यो मौसममा पर्यटक घटेका हुन्, अहिलेको चहलपहल हेर्दा भने आउँदो मौसममा पर्यटक बढ्नेछन्"- पथप्रदर्शक रिजाल भन्छन् । रासस

पेट्रोलका कारण आगलागी, पाँचजना घाइते

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

पोखरा-२, अर्चलबोट स्थित बिजयराज रेग्मीको घरमा पेट्रोलका कारण आगलागी भएको छ । आगगलागीसँगै सोही घरमा डेरा गरी बस्ने कास्की माझठाना ९ का प्रकाशमणि तिवारी, उनकी छोरी वर्ष १२ की रोशनी तिवारी, छोरा वर्ष १४ का रोशन तिवारी र प्रकाशमणी तिवारीका नाताले साला पर्ने पोखरा सराङकोटका वर्ष ३० का केशबराज तिमिल्सिना र वर्ष २४ का पुष्पराज तिमिल्सीना घाइते भएका कास्की प्रहरीले जानकारी दिएको छ । प्रारम्भिक उपचारका लागि घाइतेलाई मणिपाल शिक्षण अस्पतालमा उपचार गर्न लगेपनि अस्पतालले राशनी तिवारी र पुष्पराज तिमिल्सिनाको अवस्था गमीभर रहेको जनाउँदै थप उपचारका लागि काडमाडौं स्थित बीर अस्पतालमा रिफर गरेको बताइएको छ । उनीहरुलाई आइतबारै हेसलकोप्टर मार्फत काडमाडौं लगिएको घरधनी सुशिला रेग्मीले बताइन् । आगलागीसँगै रेग्मीको घरमा सामान्य क्षति भएको छ । साढे दुई तले रेग्मीको घरको भुईतलामा आगो लागेको हो । आगलागीसँगै घर केही ठाँऊमा चर्किएको छ भने कहि लत्ताकपडा समेत जलेर नष्ट भएका छन् । घाइते प्रकाशमसण तिवारी ट्र्याक्सी व्यवसायी समिति गण्डकीका उपाध्यक्ष रहेको पनि जनाइएको छ । तिवारीको कोठामा संचित रहेको पेट्रोल यताउती खन्याउने क्रममा पोखिएसँगै नजिकै बलेको दियोको सम्पर्कले गर्दा घरमा आगलागी भएको जनाएको छ ।

मोवाइल पाइने स्थानहरू :

हंसपुर मोवाइल (चिप्लेढुंगा), कृश्मा मोवाइल (पंथीगल्ली), ए टु सतौंचण्डी (चिप्लेढुंगा), न्यू सिटी सेन्टर (चिप्लेढुंगा), कालिका इम्पेक्स (चिप्लेढुंगा), रेजिना एम्पेक्स (चिप्लेढुंगा), टिएन इन्टरप्राइजेज (पृथ्वीचोक), ए डिजिटेक(पृथ्वीचोक), देउराली मोवाइल (पृथ्वीचोक), पौडेल मोवाइल (पृथ्वीचोक), पौडेल व्रदर्श (पृथ्वीचोक, दाजुभाइ इलोक्ट्रोनिक्स (पृथ्वीचोक), केदार मोवाइल (पृथ्वीचोक), मनोकामना इलोक्ट्रोनिक्स (न्यूरोड), रामकाजी इलोक्ट्रोनिक्स (न्यूरोड), द सेल सिटी (न्यूरोड), पाण्डे मोवाइल एण्ड टेलिफोन (महेन्द्रपुल), सिको टाइम (महेन्द्रपुल) किरण मोवाइल (महेन्द्रपुल), सुपर वाच एण्ड मोवाइल (महेन्द्रपुल), खरेल मोवाइल (महेन्द्रपुल), आर.डि.एस मोवाइल (महेन्द्रपुल), शुभ नमूना मोवाइल (नयाँबजार), न्यू फ्रेण्डशिप मोवाइल (जिरोकिमी), सिद्धार्थ मोवाइल (सिद्धार्थचोक), विन्ध्यवासिनी मोवाइल (विन्ध्यवासिनी), सार्दीखोला मोवाइल (विन्ध्यवासिनी), टि.आर.सी. मोवाइल (विन्ध्यवासिनी), मौला घडि रेडियो(ट्याक्सीचोक), गौतम इलोक्ट्रोनिक्स (टुँडिखेल) रुपा कम्युनिकेशन (तेर्सापट्टी), रोनित मोवाइल (तेर्सापट्टी), दया इलोक्ट्रोनिक्स (बाग्लुङ बसपार्क), गोर्खाली मोवाइल (लेकसाइड), नमस्ते मोवाइल (विरौटा)

Regional Distributors (Gandaki-Dhaulagiri)

Aakura Trade Link

Chipledhunga, Pokhara, Phone :061-535679, 540398, Email: aakuratradelink@gmail.com

पोखराको सुरक्षा चेकजाचमा कडाई

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

चाडपर्व सुरु भएसँगै नेपाल प्रहरीले सुरक्षा चेकजाचमा कडाई गरेको छ । चाडपर्व बिशेष सुरक्षा योजना अन्तर्गत चेकजाचमा कडाई गरिएको हो चाडपर्वको बेला हुन सक्ने अपराधिक घटनालाई लक्षित गरी चेकचाज, गस्ती बढाईएको छ भने प्रहरी तैनाथी पनि बढाईएको कास्की प्रहरीले जनाएको छ । पोखरा सहित आसपासको क्षेत्र, ग्रामिण भेग र राजमार्ग क्षेत्रमा सुरक्षा निगरानी बढाईएको छ । पोखराका अति ब्यस्त स्थानहरु चिप्लेढुङ्गा, महेन्द्रपुल, न्यूरोड, पृथ्वीचोक लगायतका क्षेत्रमा नियमित प्रहरी परिचालन गरिएको छ ।

मानिसहरुको बढी भिडभाड हुने स्थान र आर्थिक कारोबारका क्षेत्रमा सादा पोशाकमा पनि प्रहरी परिचालन गरिएको छ । प्रहरीको सुचिमा रहेका बिभिन्न अपराधिक मनोबृतिका ब्यक्तिहरुमाथि पनि निगरानी बढाईएको कास्की प्रहरी प्रमुख प्रहरी उपरीक्षक हरि बहादुर पालले बताए । विशेष सुरक्षा योजना अन्तर्गतनै पोखरासँग जोडिएका राजमार्गसँगै नगर क्षेत्रमा पनि कुकुरको प्रयोगबाट चेकजाच थालिएको छ । वडा प्रहरी कार्यालय बैदामका प्रहरी निरिक्षक विरेन्द्र गोदारको नेतृत्वमा आईतवार पोखरा - बुटवल सिद्धार्थ राजमार्गमा कुकुर सहित बिशेष सुरक्षा चेकजाच गरिएको थियो । राजमार्ग क्षेत्रबाट बिभिन्न सवारी साधनमार्फत अपराधिक मनोबृतिका मानिस सहित गैरकानुनी बस्तुहरु भित्रन नपाउन् भन्ने उद्देश्यले चेकजाचमा कडाई गरिएको प्रहरी निरीक्षक गोदारले जानकारी दिए ।

त्यस्तै पोखराको मुख्य पर्यटकीय क्षेत्र लेकसाईडमा पनि कुकुरको प्रयोगबाट विशेष चेकजाच गरिएको थियो । यो क्रम आगामी दिनमा पनि जारी रहने प्रहरीले जनाएको छ । प्रहरीले बिभिन्न स्थानमा आकस्मिक चेकजाच पनि थालेको छ ।

यसैगरी स्थानीयको सहकार्यमा अपराध न्यूनिकरणको लागि वडा प्रहरी कार्यालय रामबजारले घरदैलो अभियान थालेको छ । सुरक्षासँग सम्बन्धित जानकारीमूलक पर्चा सहित आईतवारबाट घरदैलो अभियान सुरु गरिएको हो ।

अपराधिक घटना भएपछि प्रहरी गुहार्नुभन्दा त्यस्ता घटना हुन नदिन स्थानिय आफै सचेत भए सभ्य समाज निर्माण गर्न सकिन्छ भन्ने उद्देश्यले सुरक्षा सचेतनाको लागि नागरिक सँगको संयुक्त अभियान सुरु गरिएको प्रहरी निरिक्षक वेद प्रकाश जोशीले पिसपोखरा डटकमलाई बताए । अभियानको क्रममा रामबजार क्षेत्रका बिभिन्न स्थानमा सचेतनामुलक पोष्टर टासिएको छ भने घरघरमा गई जानकारी मुलक पर्चा बितरण गरिएको छ । पश्चिम क्षेत्रीय प्रहरी प्रमुख प्रहरी नायव महानिरिक्षक पंकज श्रेष्ठले चाडपर्वको वेला हुन सक्ने अपराधिक घटना नियन्त्रणको लागि माताहातमा सुरक्षा युनिटहरुलाई उच्च सतर्कता अपनाउन निर्देशन दिएको बताए । संवेदनशिल स्थानहरुमा सुरक्षा तैनाथी बढाईएको उनले बताए ।

हार्दिक शुभकामना

विजयादशमी २०७२ को पावन अवसरमा हाम्रा पाठकवृन्द, विज्ञापनदाता, ग्राहकवर्ग, सम्पूर्ण नेपाली दाजुभाई, दिदीबहिनी तथा शुभचिन्तकहरुमा सुख, शान्ति, सम्वृद्धि, सु–स्वास्थ्य तथा दीर्घायूको कामना गर्दै हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं । साथै दशैं बिदाका कारण गोल्डेन न्यूज दैनिकको आगामी अंक यहि कार्तिक ११ गते बुधबार प्रकाशित हुने सम्पूर्ण पाठक वर्गमा जानकारी गराउन चाहन्छौं ।

गोल्डेन न्यूज दैनिक परिवार

अपाङ्गता भएका व्यक्तिलाई अपशब्द प्रयोग गर्ने, हेला, घृणाको दृष्टिले हेर्ने वा होच्याउने कार्य गर्नु गराउनु हुदैन ।

नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सूचना विभाग

वविन टेलरिङ एण्ड सर्टिङ-सुटिङ

विगत १८ वर्षदेखि म्याग्दी जिल्लाको बेनीबजारमा संचालित बबिन टेलरिङ एण्ड सर्टिङ–सुटिङको शाखा पोखराको न्यूरोडस्थित भाटभटेनी सुपर मार्केटको आडमा पनि । विभिन्न ब्राण्ड र आकर्षक डिजाइनमा सुपथ मूल्यमा सर्टिङ–सुटिङका लागि एकपटक पुग्नैपर्ने ठाउँ ।

BABIN TAILORING & Shirting Suiting
HeadOffice: Hulak Chowk, Myagdi, Beni, Tel.: 069-520760
Branch: Newroad, Pokhara, Tel.: 061-527420
Email: babiinbagdash@yahoo.com,
Web: www.babintailors.com

■ पुरानो कोट लगाउ र नयाँ पुस्तक किन ।

- थोरो

सम्पादकीय . .

शुभ रहोस् दशैं

विजयादशमीलाई नेपालीहरूले महान पर्वको रुपमा मनाउने गर्दछन् । दशैंको सामाजिक, सांस्कृतिक र धार्मिक महत्व आफ्नै ठाँउमा छन् । यी महत्वका कारण नै दशैं अब धार्मिक पर्वमा मात्र सीमित नरही एउटा संस्कृति नै बनिसकेको छ । सामाजिक एकता, सहकार्यता, आपसी मेलमिलाप र पारिवारिक मिलनको संस्कृतिका रुपमा दशै भित्रिएको छ । दशैंले मनमा उमंग ल्याउने कोशिस गरिरहेको हुन्छ, मान्छेहरुको मनलाई अलिकति भएपनि उत्साहित गरिदिएको हुन्छ । आफ्नो क्षमता र अवस्था अनुसार सबैले रमाएरै दशैं मनाइरहेका हुन्छन् । एउटा दशैं सकिंदै गर्दा अर्को दशैंलाई कसरी व्यवस्थापन गर्ने भन्ने मानसिक तयारी गरिने भएका कारण दशैले सबैमा खुशी नै ल्याएको हुन्छ । दशैं मनाउनका लागि व्यक्तिको तयारी आफ्नो ठाँउमा छ । तर, बजारको तयारी र बजारलाई नियमन गर्ने निकायको तयारी अर्को पक्ष हो । त्यसैगरी सुरक्षा सतर्कताको तयारी अर्को पक्ष हो । व्यक्तिको तयारीलाई पूर्णता दिन त्यही अनुसार बजार रहनु पर्छ भने सुरक्षाको व्यवस्था पनि त्यही अनुसार हुन जरुरी छ । बजारमा अत्यावश्यक वस्तुको अभाव देखाउने, कालाबजारी गर्ने तथा मुल्य वृद्धिगर्ने जस्ता गलत कामहरु पनि दशैंको मुखमा हुने गर्दछ । यो उपभोक्ताहरुको खुशीलाई व्यापारमा बदल्ने गलत नियतबाट हुने गर्दछ । तसर्थ व्यक्तिको तयारी अनुसार दशैं मनाउने अबस्था तयार गर्न र उनीहरुको खुशीलाई किञ्चित खलबलिन नदिनका लागि बजारमा हुने यस्ता विसंगतिहरुलाई रोक्नका लागि स्थानीय प्रशासन तथा सरोकारवाला पक्ष गम्भीर हुन जरुरी छ । बजारको नियमित अनुगमन गर्न पनि जरुरी छ । बदमासी गर्नेलाई कार्बाहीको दायरामा ल्याएर दशैंको उमंगलाई जोगाई राख्नका लागि यो प्रकारको अनुगमनले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन् । त्यसैगरी अर्को पक्ष भनेको सुरक्षा व्यवस्था हो । खुशीको उन्मादले ल्याउने एउटा नकारात्मक परिणति भनेको झै-झगडा हो । यो प्रकारको उन्माद कोही नागरिकमा नदेखियोस् । यसमा समाज आफै र समाजका सदस्यहरु आफै गम्भीर हुन आवश्यक छ । त्यसबाहेक सुरक्षा निकायको सतर्कता, सक्रियता र अपराध नियन्त्रणमा तदारुकता पनि उत्तिकै आवश्यक पर्दछ । यी 'सेवा' हरु उपलब्ध गराउनका लागि सम्पूर्ण रुपमा तैयारी अवस्थामा सुरक्षा निकाय रहन सक्नुपर्दछ । यसो भयो भने दशैं खुशीयालीकै बीचमा सकिन्छ र दशैंको महत्व झनै बढ्दै जान्छ । यति भनिरहँदा अर्को भूल्नै नहुने पक्ष भनेको व्यक्ति आँफैको भूमिका पनि हो । पर्वलाई अनावश्यक भड्किलो नबनाउनेदेखि समाजलाई अनुशासित रुपमा दशैं मनाउनका लागि आबश्यक वातावरण निर्माण गर्ने दायित्व समाजका सदस्यहरुले मात्रै निर्वाह गर्न सक्दछन् । तसर्थ दशैंलाई सभ्य र भव्य रुपमा मनाउने परिस्थिति निर्माणमा हामी आँफैको भूमिका के भनि सोचौं, खोजौं र तदनुकलको भूमिका निर्वाह गरौ । दशैं भित्रिसकेको छ । यसको महत्वहरुले समाजलाई बलियो बनाउने हो, व्यक्तिको मन बलियो बनाउने हो । समग्रमा हामी सबै बलियो हुने हो । यही रुपमा दशैं मनाइएमा हाम्रो उमंग सामाजिक एकता निर्माण गर्नमा सदुपयोग हुने छ । प्रतिष्पर्धा होइन, सहकार्यका साथ दशैं मनाउने तर्फ सोचौ । सबैलाई दशैंका अवसरमा सुख, शान्ति, संवृद्धि, सुस्वास्थ्य एवं दीर्घायुको हार्दिक मंगलमय शुभकामना !

आजको पञ्चाङ्ग

मिति २०७२ साल कार्तिक २ गते शनिबार, तदनुसार अक्टुवर १९ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३५, कीलकनामकः संवत्सरः, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । शरद ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार आश्विनशुक्ल (दुर्गा) पक्ष चलिरहेको छ । सौरमान अनुसार आज आश्विनशुक्ल (दुर्गा) पक्षको षष्ठी तिथि ५ घटि ६ पला अर्थात बिहानमा ८ बजेर ०६ मिनेटसम्म त्यसउप्रान्त सप्तमी तिथि लाग्नेछ । आज सूर्य तुला राशिमा, चन्द्रमा धनु राशिमा अहोरात्र रहनेछ । आज दिनमान २८ घटि ४४ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ४ मिनेटमा रौद्र मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर ३४ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : जोखिममा काम गर्नु पर्नेछ, शत्रु भेद रहनेछ, अर्काको काममा समय बित्नेछ ।

वृष : सोचाइ विपरित काम हुनेछ, पारिवारिक चिन्ता बढ्नेछ, घरमा बस्न मन लाग्नेछैन ।

मिथुन : जमिन लाभ, नयाँ कार्यमा लगानी, महत्वपूर्ण उपलब्धि हाँसिल,दिन सबै प्रकारले शुभ रहने ।

कर्कट : व्यापार व्यवसायमा गिरावट, गरेको प्रयास असफल, स्वास्थ्यमा एक्कासि खराबी आउनेछ ।

सिंह : परिवारमा अशान्ति हुनेछ, आफन्तजनबाट धोका, वायुरोगले सताउनेछ ।

कन्या : टाढाबाट धन आउनेछ, मानसिक शान्ति तथा आराम मिल्नेछ, शत्रु परास्त हुनेछ ।

तुला : पुरानो धन प्राप्त हुने, स्वास्थ्यमा क्रमिक सुधार हुनेछ, दिन सामान्य रहनेछ ।

वृश्चिक : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

धनु : सामाजिक कार्य गरेरपनि जस पाइने छैन, यात्रामा झन्झट खेप्नु पर्ला सतर्क रहनुहोला ।

मकर : आम्दानीमा एक्कासि बृद्धि, सहयोगी हातहरू बढ्नेछन्, धर्मकर्ममा मन जानेछ, समय शुभ छ ।

कुम्भ : काममा अवरोध आउनेछ, आफ्नो इज्जतमा आँच आउन सक्छ, काम गर्दा चनाखो हुनुहोला ।

मीन : नयाँ काम गर्ने जोश जाँगर बढ्नेछ, आम्दानीमा बृद्धि हुनेछ, व्यापारबाट लाभ पाईनेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

माता अन्नपूर्ण कृषि सहकारीको साधारणसभा

गोल्डेन न्यूज संवाददाता
पोखरा १ कार्तिक ।

माता अन्नपूर्ण कृषि सहकारी संस्था लिमिटेड सल्यान-९, कास्कीको तेस्रो साधारणसभा नयाँपुलमा सम्पन्न भएको छ । कार्यक्रमको उद्घाटन गर्दै पूर्व सांसद एवम् काङ्ग्रेस नेता शुक्रराज शर्माले सहकारीले छरिएर रहेका पुजीलाई एकत्रित गरेर आर्थिक विकासमा टेवा पुगेको बताए । सहकारीका अध्यक्ष जीवनाथ पौडेल शंकरको अध्यक्षतामा सम्पन्न कार्यक्रमको स्वागत उपाध्यक्ष डिल्लीराज शर्माले गरेका थिए ।

कोषाध्यक्ष मन बहादुर सुनार र सचिव भोलानाथ पौडेलले क्रमशः आर्थिक र प्रगति प्रतिवेदन पेश गरि छलफल पछि पारित गरिएको थियो । कार्यक्रममा सह-सचिव झलक मोहन पौडेलले सहकारीका सात सिद्धान्त वाँचन गरेका थिए ।

वि.स. २०७० सालमा स्थापित सो सहकारीमा हाल ३ सय ४२ सदस्य छन् । कार्यक्रममा देवि ढुङगान, दलवहादुर केसी, विष्णु वहादुर क्षेत्री, राजी क्षेत्री, बासुदेव पौडेल,मोहदत्व पौडेल, आई वहादुर गुरुङ, युवराज कुँवर, देवेन्द्र शेरचन, गणेश केसी, सुरेस सिंह केसी, पोषनाथ शर्मा, कृष्ण प्रसाद पोखेल लगायतले विजयादशमी तथा शुभ दिपावलीको शुभकामना प्रदान गरेका थिए । कार्यक्रममा शेयर सदस्यहरुलाई २० प्रतिशत लाभांश वितरण गरिएको थियो । सोही समारोहमा शेयर सदस्यका छोराछोरीलाई एसएलसी परिक्षा २०७१ मा सरकार र निजी विद्यालयमा उत्कृष्ट हुनलाईं नगद रु १ हजार र सम्मान पत्रले सम्मान गरिएको थियो ।

९ मन्त्री थपिए

काठमाडौं १ कार्तिक ।

प्रधानमन्त्री केपी शर्मा ओलीले उपप्रधानसहित नौ मन्त्री नियुक्त गर्दै मन्त्रिपरिषद विस्तार गरेका छन् । तर, सरकारको नेतृत्व गरेको एमालेबाट भने आन्तरिक विवाद नमिलेका कारण मन्त्री थपिएनन् । आइतबार प्रधानमन्त्री ओलीले एमाओवादी, फोरम लोकतान्त्रिक र बहुजन समाजवादी पार्टीबाट गरी नौ मन्त्री थपेका छन् । थपिएका मन्त्रीले आइतबार नै राष्ट्रपतिसमक्ष सपथ ग्रहण गरेका छन् । नयाँ उपप्रधानमन्त्रीमा एमाओवादी सचिव टोपबहादुर रायमाझी छन् ।

उर्जा मन्त्रालयको विभागीय जिम्मेवारी पाएका उनले सरकारमा एमाओवादीको नेतृत्व गर्नेछन् । एमाओवादी नेता शक्ति बस्नेत गृहमन्त्री भएका छन् । एमाओवादी बाट गिरिराजमणि पोखरेल शिक्षा, रेखा शर्मा सामान्य प्रशासन, अग्नि सापकोटा वन मन्त्री, गणेशमान पुन आपूर्ति मन्त्री, उमेश यादव सिचाइँ मन्त्री बनेका छन् । यस्तै फोरम लोकतान्त्रिकबाट महासचिव रामजनम चौधरी मन्त्री बनेका छन् । यस्तै बहुजन समाजवादी पार्टीका सभासद विश्वेन्द्र पासवान पनि मन्त्री बनेका छन् । दुबैको मन्त्रालय तय भएको छैन । नवनियुक्त मन्त्रीहरुले राष्ट्रपति डा. रामवरण यादवसमक्ष पद तथा गोपनियताको सपथ लिएका छन् । आइताबारको विस्तारसँगै ओली सरकारमा उपप्रधानमन्त्री को संख्या तीन पुगेको छ, जसमा रायमाझी सहित उपप्रधान एवं भौतिक योजनामन्त्री विजय गच्छदार छन् भने उपप्रधान एवं परराष्ट्रमन्त्री कमल थापा छन् । यससँगै १५ मन्त्री र एक राज्य मन्त्रीसहित ओली नेतृत्वको मन्त्रिपरिषद २० सदस्यीय भएको छ ।

ज्येष्ठ नागरिकलाई सम्मान

पोखरा १ कार्तिक ।

ज्येष्ठ नागरिक सरोकार समाज पोखराले विजयादशी तथा दीपावलीको अवसर पारेर शुभकामना आदान-प्रदान तथा ज्येष्ठ नागरिक सम्मान गरेको छ । सम्मानित हुनेहरुमा रामप्रसाद बतास, सेतीमाया बतास, पदमसुवा गुरुङ, कूलप्रसाद मर्सानी, उत्तर कुमारी पालिखे, लिलाभक्त आचार्य, श्रीमाया श्रेष्ठ, हर्कलाल श्रेष्ठ, टंकमाया श्रेष्ठ र टंकप्रसाद श्रेष्ठ रहेका छन् । संस्थाका अध्यक्ष भक्तर ाज श्रेष्ठको अध्यक्षता र विन्ध्यवासिनी धार्मिक शक्तिपीठका पीठाधीश स्वामी निशेषानन्दको आतिथ्यतामा सम्पन्न कार्यक्रममा संस्थाका सल्लाहकार, विश्वकास लामिछाने, सूर्यमोहन भट्टराई, अशोक पालिखे, पिताम्बर बराल, गणेशबहादुर गुरुङ, गणेशबहादुर श्रेष्ठ, हरि प्रसाद किरण ओझाले बोलेका थिए । त्यस अवसरमा समाजको बहुउद्देश्यीय भवनका लागि रामप्रसाद र सेतीमायाँ बतासले ५ लाख रुपैयाँ सहयोग गर्ने घोषणा गरे । संस्थाका उपाध्यक्ष विष्णु प्रसाद भण्डारीले स्वागत गरेको कार्यक्रमको संचालन सचिव केशव प्रसाद ढकालले गर ेका थिए । कार्यक्रममा लिलाराम सुवेदी, म)गल पंसाद माकाजू, शशिधर पराजुली, विष्णुप्रसाद श्रेष्ठ, रामचन्द्र थापा, झलकलाल श्रेष्ठ, धर्मराज पराजुली, टंकप्रसाद श्रेष्ठ, खरिलाल विश्वकर्मा, केयरमान श्रेष्ठ, गुप्तप्रसाद श्रेष्ठ, विष्णुप्रसाद पौडेल र सरिता गुरुङले आजीवन सदस्यता लिएका थिए ।

खाजाघर विक्रीमा

पोखराको चिप्लेढुंगा स्थित मानवअधिकार चोक अगाडि अत्यन्त चालु अवस्थामा रहेको खाजाघर विशेषा कारणले तु-विक्रीमा छ ।

सम्पर्क : ९८०५८१५६९१
९८०५८७३१९१

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभेच्छुक, शुभचिन्तक, विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मारवाडी सेवा भोजनालय
महेन्द्रपुल, पोखरा

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा सम्पूर्ण सदस्य हार्डवयेर व्यवसायी लगायत विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

प्रेम पौडेल
अध्यक्ष एवं
पोखरा हार्डवयेर एशोसिएशन परिवार
पोखरा, कास्की

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उर्तिणले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकीने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students

Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

पोखरामा पहिलो पटक

- यौनबर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्वल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, गुप्ताङ्ग कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन रुप अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- ढाँड तथा जोर्नी दुखाई ठिक पार्न, सन्धी सुधा पेनलिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919
फ्रि होम डेलिभरी

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा हाम्रा समस्त ग्राहकवर्ग, शुभचिन्तक, विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

मुनाल स्टोर्स परिवार
चिप्लेढुङ्गा, पोखरा

हार्दिक शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा सदस्य औषधि व्यवसायीहरुका साथै विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यामनाथ पौडेल
अध्यक्ष एवं
नेपाल औषधि व्यवसायी संघ
गण्डकी परिवार

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

१. State department एवं अन्य देशहरुबाट सेक्युरिटी तालिम प्राप्त, धेरै देशहरुमा सेक्युरिटी सुपर भाइजरका साथै सेक्युरिटी कन्सल्टेन्टमा काम गरेर अनुभव बटुल्नुभएका दक्ष, अनुभवी प्रशिक्षकबाट प्रशिक्षण गराइने ।
२. Dubai को DPS आवुधावीको PSBD कतारको Grup4 मकाउ, बहराइन, मलेसिया एवं Europe, America का deplometic Security तालिम छुट्टा-छुट्टै दिइने ।
३. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्णरुपमा हासिल गराउने ।
४. शान्त वातावरणमा फराकिलो Classroom मा Securrity गार्डको Theory & Practical गराइने ।
५. अंग्रेजी भाषा सिकाउनुका साथै अंग्रेजी बोल्न सक्ने बनाउने ।
६. Interview का लागि तयारी बनाउने ।
७. तालिम पश्चात विदेश जानका लागि सर्टिफिकेट उपलव्ध गराइने ।
८. विदेश जान ईच्छुक हुनुहुने दाजुभाई तथा दिदीबहिनीहरुलाई परामर्श तथा प्रशिक्षण दिइने ।
९. नेपालमै विभिन्न संघसंस्था वित्तीय क्षेत्र बैंक, कलकारखाना, उद्योग, कलेज, स्कूल, हस्पिटलहरु आदि इत्यादि ठाउँहरुमा सेक्युरिटी गार्ड उपलब्ध गराइने ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.

सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसूलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, झुसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्वन्धि समस्या

महिनामारी नडवढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो चायाँ पोतो, डण्डिफोर, दाग धब्बा, मखिबा, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

दुब्लो पातलो शरिरको तौल बढाउने साथै मोटो पन घटाउने ।

थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८
फ्रि होम डेलिभरि

आदर्श लायन्स क्लव पुन:निर्माणमा लाग्ने

पोखरा १ कार्तिक ।(गोल्डेन)

लायन्स क्लव अफ पोखरा आदर्श भुकम्प पछिको पुनर्निर्माणमा खटिने भएको छ । लामाचौरका क्रियाशिल युवाहरु आवद्ध क्लवले आइतवार आयोजना गरेको नेपालीहरुको महान पर्व वडादशैं, दिपावली, नेपाल सम्वत्, छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रममा क्लवका अध्यक्ष लायन नविन भण्डारीले भुकम्पबाट वढी प्रभावित गोरखाको नारेश्वर गाविसका ५ वटा विद्यालयको पुनर्निर्माण गरिने बताए । भुकम्प पछि पुन:निर्माणमा लायन्सहरुले खेलेको भूमिकाको चर्चा गर्दै उनले विभिन्न संस्थाको सहयोगमा पुन:निर्माण गरिने बताएका हुन् । स्थानीय प्रशासनले विद्यालय पुन: निर्माणमा लाग्न आग्रह गरेका कारण आफूहरु त्यसमा केन्द्रित भएको बताए । कार्यक्रममा लायन गोविन्द ब. खत्री क्षेत्री, वडा नागरिक मञ्चका सदस्य राधा वोगटी, नव आदर्श सामुदायिक विकाश समाजका अध्यक्ष धर्ममानसिंह भण्डारी, गण्डकी उच्च माविका सहप्राचार्य चेतनाथ भण्डारी, नेपाली कांग्रेस पोखरा १९ वडाका सभापति महेश्वर पौडेल, कार्यक्रम संयोजक रविमानसिंह भण्डारी लगायतले समाज सेवाका क्षेत्रमा लायन्स क्लवको भूमिका उल्लेख्य रहेको बताएका छन् । उनिहरुले पुन:निर्माणमा लागेको भन्दै क्लवको प्रशंसा गरेका थिए ।

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्का : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७

ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४

शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।

(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- अन्तर्वार्ता धमाधम भइरहेको छ ।

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।

❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

हार्दिक मंगलमय शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा क्याटरिङ्ग, टेण्ट लगायत विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भरत सापकोटा/कृष्णप्रसाद ढकाल
संचालक एवं
भगवती क्याटरिङ्ग एण्ड टेण्ट हाउस परिवार
नयाँबजार, पोखरा,फोन : ९८५६०२४०४६, ९८५६०३७१३७, ९८५६०२३६२५

हार्दिक मंगलमय शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा संघका सदस्य होटल व्यवसायी लगायत विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भरतराज पराजुली
अध्यक्ष एवं
पश्चिमाञ्चल होटल संघ परिवार
पोखरा, कास्की

हार्दिक मंगलमय शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा निर्माण क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

पोखरा एभरेष्ट ट्रेड एण्ड हाउजिङ प्रा.लि.
स्वागतनगर, पोखरा-१४, कास्की

हार्दिक मंगलमय शुभकामना

विजयादशमी तथा शुभ दीपावली-२०७२ को पावन अवसरमा सदस्य रेष्टुरेन्ट व्यवसायी लगायत विभिन्न क्षेत्रसंग सम्बन्धित उद्योगी व्यवसायी महानुभावहरु तथा स्वदेश र विदेशमा रहनुभएका नेपाली दाजुभाई दिदीबहिनीहरुमा सुख, शान्ति, सम्वृद्धि, सु-स्वास्थ्य, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गोपीबहादुर भट्टराई
अध्यक्ष एवं
रेष्टुरेन्ट एण्ड बार एशोसिएशन (रेवान) परिवार
पोखरा, कास्की

हार्दिक मंगलमय शुभकामना

